# छबिसपाथिभेरा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ६ संख्या: १ मिति:- २०७९।१०।१०

भाग: २

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

गाउँकार्यपालिका बाट स्वीकृत मिति:-२०७९।०४।०६

प्रमाणीकरण मिति:- २०७९।०४।०८

राजपत्रमा प्रकाशन मिति:- २०७९।१०।१०

आज्ञाले

नाम:- गगन बहादुर ऐडी


पद:- प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी

नि.प्रमुख प्रशासकीय अधिकृत

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

२०७९




## छविसपाथिभेरा गाउँपालिका

## ब्याँसी, बझाङ

छविसपाथिभेरा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९

## १। पृष्ठभूमी र परिचय :

नेपाल बहुजातीय, बहुभाषिक, भेषभुषा, विविध सामाजिक साँस्कृतिक परिधान बोकेको विकाससोन्मुख देश हो। समयको गति संगै समाजका विविध सामाजिक, साँस्कृतिक कुप्रथाहरुको अन्त्य,परिमार्जन तथा परिवर्तन हुदै आएका छन। नेपालमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको (लैससास) सवाललमा महिला बालबालिका जेष्ठनागरीक दलित विरुद्ध हुने सवै प्रकारको हिंसा अन्त्यको लागि महासन्धि १९७९ को नेपाल पक्ष राष्ट्र हो। नेपालको संविधान ले समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी अधिकारलाई पूर्ण रुपमा ब्यवस्थापन गर्न संविधानको प्रस्तावना देखि संविधानको भाग ३ मा मौलिक हकहरु सुनिश्चित गरिएको छ। संविधानको धारा १६ सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ स्वतन्त्रताको हक, धारा ३८ महिलाको हक अन्तर्गत महिलालाई समान वंशीय अधिकार ,सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार , राज्यका सवै तहमा सहभागि हुने अधिकार , सम्पत्ति तथा पारिवारिक मामिला सम्वन्धी अधिकार,शिक्षा, स्वास्थ्य ,रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरिएको छ। जस्तै नेपालको संविधान ९२०७२० मा छुवाछुत तथा भेदभाव विरुद्धको हक ९ धारा२४) , महिलाको हक ९ धारा ३८), दलितको हक ९धारा ४०)सामाजिक न्यायको हक ९धारा ४२) जसको परिणाम स्वरुप थारु आयोग , महिला, दलित, मुस्लिम ,जनजाती आयोग र अपाङ्गता एवं बाल अधिकार सम्वन्धी अधिकारहरु स्थापित भएका छन्। त्यसैगरि सामाजिक सुरक्षाको हक (धारा४३) ले विशेष अवस्था र परिस्थितिले पछाडि पारिएका नागरिकको सहभागिता र शसक्तीकरणको लागि विशिष्ट हकको व्यवस्था गरेको छ। त्यसै गरि धारा ५१ को खण्ड (ञ) ले सामाजिक न्याय र समावेशीकरण नीति शिर्षकमा १४ वटा विभिन्न महत्वपूर्ण नीतिहरु तय गरि कार्यान्वयनको प्रत्याभूति दिएको छ।

नीतिगत रुपमा संघीयता पछि स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सशक्त रुपमा स्थापित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्वन्धी व्यवस्था गरेको छ। मुलुकलेसंघीयलोकतान्त्रिक गणतन्त्रात्मक शासनप्रणाली अवलम्वनगरेकोसन्दर्भमाछविसपाथिभेरा गाउँपालिकासम्वद्ध विषयक्षेत्ररअन्तर्गत सञ्चालन हुने सबै योजना तथाकार्यक्रमहरूलाई समावेशी बनाई लैङ्गिक विभेदको अन्त्य र समाजमा पछि परेका वा पारिएका ब्यक्ति तथा समुदायलाई मूलप्रवाहमा ल्याउनयो सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छास्थानीय सरकारद्धारा संचालन हुने नीति, योजना, बजेट, कार्यक्रम तथा सेवा प्रवाह स्थानीय तहद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन संवैधानिक एवं कानूनी दायित्व तथा जिम्मेवारी पुरा गर्न राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रर्वद्धन गर्ने कार्यलाई थप मार्गदर्शन गर्न लैससास सम्वन्धी रणनीति २०७९ तयार गरिएको छ।

## २। छविसपाथिभेरा गाँउपालिकाको संक्षिप्त परिचय :

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यस्थामा राज्य पूनर्संरचना पश्चात नेपालको हिमाली जिल्ला बझाङमा विभिन्न बाह वटा स्थानीय तहहरु रहेका छन्। यस जिल्लामा रहेका १२ वटा स्थानीय तहहरुमा २ वटा नगरपालिका र १० वटा गाउँपालिकाहरु रहेका छन । छविसपाथिभेरा गाउँपालिका बझाङ जिल्लाको मानवताबादी राजा दजयपृथ्बी बहादुर सिंह को जन्नस्थान हो। अक्षराङ्क शिक्षाका रचनाकार जयपृथ्वी वहादुर सिंहको जन्मस्थान भएको गाउँपालिका भएपनि भौगोलिक विकटता तथा विविध कारणले गर्दा अहिले सम्म विकास निर्माण तथा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका हिसावले पछाडि परेको देखिन्छ। यो गाउँपालिका जिल्ला सदरमुकाम चैनपुर देखि २५ किलोमिटर पश्चिममा अवस्थित छ।११६।३४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको पूर्वमा जयप्रथिवी नगरपालिका, चैनपुर ,पश्चिममा दुर्गाथली गाउँपालिका, उत्तरमा सुर्मा गाउँपालिका र दक्षिणमा थलारा गाउँपालिको सिमाना रहेका छन्। यस गाउँपालिकामा भौगोलिक रुपमासेति नदिको किनार देखि पाथिभेरा हिमालको फेदी सम्मका विकट गाउँहरु पर्दछन्। जमा ७ वटा वडा कायम गरिएको छबिसपाथिभेरा गाउँपालिका साविकका ४ वटा गाविसहरु मटेला, कंडेल, ब्याँसी र लेकगाउँ मिलेर बनेको छ। २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार गाउँपलिकाको जम्मा जनसंख्या १६,२,२९ रहेको छ।धार्मिक, साँस्कृतिक र भौगोलिक हिसावले प्रयटनको प्रचुर सम्भावन रहेको यस गाँउपालिकामा

सुदुरश्चिमको प्रसिद्ध चैतलीमेला लाग्ने गर्दछ। प्रसिद्ध बान्निमष्टा मन्दिर, प्राचीन शेरहिमाल, बाईसधारा, चुली टिका,माटेसाँगो कोट मन्दिर, विभिन्न स्थानमा रहेका बझाङ्गी राजाका कोट तथा दरबारहरू यस क्षेत्रका पहिचान तथा पर्यटकिय सम्भावना बोकेका स्थानहरु हुन्।

## ३। कानुनी ब्यवस्था

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका,ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू,सामाजिक, आर्थिक वा शैक्षिक रूपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सो को कार्यान्वियनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू संस्थागतरूपमा सञ्चालन भएका छन्। विगतदेखि नै सञ्चालित यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेख्य योगदान पुगेको छ। दशौं पञ्च वर्षीय योजना (२०५९-२०६४) मा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय ९ का रूपमा स्थान दिईएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो। आर्थिक वर्ष २०६४/०६५ देखि लैङ्गिक उत्तरदायी बजेटको सुरुवात भई समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ कार्यान्वयनमा रहेको छ। सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार ९संचालन० ऐन, २०७४ लगायतका कानुनहरु रलैंङ्गिक समानता नीति, २०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन्। नेपालको संविधानको प्रस्तावनामा वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्बन्धमा स्पष्टरूपमा उल्लेख भएको छ। साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरूप दिन विभिन्न मौलिक हकको प्रत्याभूति गर्नुका साथै मौलिकहक सम्वन्धी कानुनहरू सङ्घीय संसदबाट अनुमोदन भैसकेको अवस्था छ। स्थानीय तहका विभिन्न पदहरूमा जातीय, लैङ्गिक प्रतिनिधित्वको व्यवस्था गरिएको छ। आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडि परेका समुदायतथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रिया थप प्रभावकारी बन्दै गएको छ।

विगत देखि नै समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरूपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालिन स्थानीय निकायको निशर्त पूँजिगत बजेटको तोकिए बमोजिम कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाइन्छ। साथै तत्कालिन स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय, बादी, अपाङ्गता समन्वय सम्वन्धी संरचनाहरू गठन गरी ती समुदायलाई संस्थागतरूपमा शासकीय संरचनामा आबद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालन मार्फत आर्थिक तथा सामाजिकरूपमा पिछडिएका परेका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरू भएको पाईन्छ।


पन्ध्रौ योजनामा सामाजिक विषय क्षेत्रअन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ। साथै, उक्त योजनाको अन्तरसम्बन्धित विषय अन्तर्गतको "समावेशीकरण" विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोच, लक्ष्य,उद्देश्य,रणनीति तथा कार्यनीतिसमेत निश्चितगरी कार्यान्वयनमा लैजान जोड दिइएको छ।योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तीकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ।

गाउँपालिकामा स्थानीय सरकारको रुपमा गाउँ कार्यपालिकाको कार्यालयले स्थानीय नागरिकलाई विभिन्न शाखाहरु मार्फत सेवा प्रवाह गरिरहेको छ। लक्षित वर्ग सशक्तीकरण, स्थानीय शासन, लघु उद्यम, गरिवी निवारण, महिला शसक्तीकरण, आधुनिक कृषि प्रणाली र लक्षित कार्यक्रम जस्ता विभिन्न विषयगत क्षेत्रमा विकासका साझेदार निकायहरुले आ-आफ्नो क्षेत्रमा काम गरिरहेका छन्। यसका साथै गाउँपालिकामा विभिन्न आमा समुह, कृषक समुह, स्वावलम्बन समुह, लक्षित वर्ग सञ्जाल तथा सहकारी संस्थाहरुले बचत, ऋण लगायतका वित्तीय सेवा प्रवाह गरिरहेका छन्।

४। लैंङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धमा प्रमुख रुपमा देखिएका मुख्य सवालहरु, सरोकारवाला, सवलपक्ष ,सुधार गर्नुपर्ने पक्ष, चुनौती र अवसरहरु

क. सरोकारवालाहरुको पहिचान

यस छविसपाथिभेरा गाउँपालिकामा लैससास रणनीति निर्माण तथा कार्यान्वयनमा सहयोग पुर्याउनका लागि देहायका सरोकारवाला निकायहरुलाई पहिचान गरिएको छ।



लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सवालहरु

यस छविसपाथिभेरा गाँउपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी सवालहरु तपसिल बमोजिम रहेका छन।

- ✓ परम्परागत कुरीतीहरु र रीतिरिवाजहरु
- ✓ घरेलु हिंसा
- ✓ बाल विवाह
- ✓ छुवाछुत
- ✓ छाउपडी प्रथा
- ✓ स्रोत तथा सम्पत्तिमा स्वामित्व
- ✓ छोरा छोरीमा विभेद गर्ने चलन
- ✓ बहुविवाह
- ✓ अपाङ्गता सम्बन्धी सामाजिक धारणा
- ✓ सासुबुहारी हिंसा ।

छविसपाथिभेरा गाँउपालिकाको विश्लेषण

| विषय क्षेत्र | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | चुनौतीहरु | अवसर |
|---|---|---|---|---|
| नीति, कानुन र योजना | • विभेद रहित बजेट विनियोजन प्रणाली ।<br>• उपभोक्ता लगायत सार्वजनीक सेवा लिने दिने ठाउँमा समितिको मुख्य पदमा महिलालाई प्राथमिकता<br>• महिला, बालबालिका, जेष्ठ नागरिक,अपाङ्गहरु का लागि बजेट विनियोजन भएको | • लैससास निति तयार गरी सकेपछी कार्यान्वियनगर्नुपर्ने ।<br>• नीति ,कानुन तथा योजना तर्जुमा गर्दा समाजमा पछाडिपरेका दलित एकल महिला अपागता भयकाहरु र हिंसा पिडीतहरु कम्तीमा ३० प्रतिसतले अर्थपूर्ण | • सेवा प्रवाहमा भौगोलिक विकटता हिमाली जिल्ला भयको र जनचेतना को कमी भयको<br>• नीति, कानूनर योजनातर्जुमा मा पहुँचवाला वर्गको प्रभुत्व कायम रहने गरेको र चेतनाको कमी रहेको। | • प्रदेश र संघले स्थानीय तहमा लैससास सम्वन्धी रणनिति तयार प्राविधिक सहयोग उपलब्ध र अर्थीक सहयोग |

| | | | | |
|---|---|---|---|---|
| | | सहभागिता गरायी उनिहरुलाई हिंसासम्वन्धी जनचेतना जगाउने । | • पछाडि परेका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र जातजातिमा व्याप्तक गरिबी घटाउनु ।<br>• विभिन्न समुदाय तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिकविभेदको अन्तर कम गर्नु । | ।<br>• नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैससास सम्वन्धी नीति तयार गर्न मार्गदर्शन गरेको<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लैससास सम्वन्धी नमूना नीति तयार गरेको । |
| संस्थागत | • महिला तथा | • न्यायिक समितिमा | • न्यून जनशक्तिले धेरै | • स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| व्यवस्था | बालबालिका शाखाको स्थापना भई स्थायी जनशक्तिको व्यवस्थापन भएको। | कानुनी सल्लाहकार तथा शाखामा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने र त्यस लाई निरन्तरता दिने र टाएम् टायममा निरिक्षण गर्ने । | कार्य गर्नुपर्ने र निरन्तरता तथा सचेतना मुलक कार्यक्रम लाई समेत निरन्तरता दिई परिणाममा ल्याउनु पर्ने । | स्तरका गैससहरु को सहयोग लिई सेवा प्रवाह गर्न सकिने। |
| मानव संशाधन तथा क्षमता विकास | • उपलब्ध जनशक्ती तालिम प्राप्त<br>• सकारात्मक सोचका जनप्रतिनिधिहरु | • आवश्यकता अनुसार कर्मचारीको क्षमता विकासको लागि अवसरको सिर्जना गर्नुपर्ने।<br>• जनप्रतिनिधिहरुको क्षमता विकास र लै लै स.रा स सम्वन्धी सचेतना गर्नुपर्ने। | • कर्मचारी र जनप्रतिनिधिविच सौहार्दपूर्ण सम्बन्ध कायम गर्नु।<br>• स्रोत र साधनको अप्रयाप्तता | • प्रविधिको उपलब्धता।<br>• दृढ ईच्छा शक्ति सहितको स्रोत विनियोजन गर्न सकिने। |
| सेवा प्रवाह | • प्रविधिमैत्री सेवा प्रवाह<br>• सेवा प्रवाहमा सहयोगी संघ संस्थाहरुकोसहयोग प्राप्त। | • नतिजामा आधारित सेवा प्रवाहमा जोड दिनुपर्ने।<br>• लक्षित वर्गका लागि सेवा प्रवाहमा घुम्ति प्रणाली लागु गर्नुपर्ने। | • भौगोलिक विकटता र अशिक्षीत सचेतना क्रम भयको।<br>• स्रोत , साधन र जनशक्तिको अपर्याप्तता सचेतनाको कमी। | • सेवा प्रवाहमा जनप्रतिनिधि र सहयोगी निकायहरु सँग हातेमालो गर्न सकिने। |
| सुशासन तथा उत्तरदायितत्व | • महिला, बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता परिचय पत्र काड वितण तथा अपागता भएका व्यक्तिहरु सार्वजनिक क्रियाकलापमा न्यूनतम सहभागिता, हिस्सेदारीपन को अवस्था | • सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने र उनीहरुलाई सो सम्वन्धी जानकार गराउनु का साथै निरन्तर अनुगमनको निरन्तरता गा.पा. उपाध्यक्ष ज्यू ले गर्नु पर्ने । | • योजना तर्जुमा देखि लिएर बजेट विनियोजन, कार्यान्वयन र परिणाम प्राप्त उपलब्धीमा सुशासन तथा उत्तरदायित्व कार्यान्वयन मा कमी हुनु । | • दिगोविकास लक्ष्यले लैससस लाई प्रमुख विषयको रुपमा अवलम्वन गरेको।<br>• जनचेतना को स्तरमा अभिवृद्धि |

| | | | | |
|---|---|---|---|---|
| | सिर्जना भएको। | | | |

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाको आवश्यकता तथा महत्व।

छविसपाथिभेरा गाँउपालिकामा विभिन्न जातजाती ,वर्ग सम्प्रदाय र साँस्कृतिक पहिचान सगै नेपालको सविधान मर्म अनुसार वर्गीय जातिय ,क्षेत्रीय ,आर्थिक, धार्मिक लैङ्गिक विभेद र सबै प्रकारका विभेद र जातिय छुवाछुतको अन्त्य गरि आर्थिक सामाजिक रुपमा सम्बृद्ध समाज निर्माण गर्ने सामानुपातिक सहभागितामूलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्नुका साथै विभिन्न मौलिकहकरुमा महिला, बालबालिका, जेष्ठ नागरिक र सामाजिक र आर्थिक रुपमा पछाडि पारिएका वर्गहरुको हकको सुनिश्चितता गर्नुपर्ने नेपालको कानून र स्थानिय सरकारको दायित्व भित्र पर्दछ। त्यसैले छविसपाथिभेरा गाँउपालिकामा लैसससा नीति नियम,सेवा प्रवाह, विकास निर्माण लगाएतका कार्यक्रमहरुमा लैससासलाई मूलप्रवाहीकरण गरि सिमान्तकृत समुदायलाई विकासको मूलधारमा समाहित गर्नको लागि प्रादेशिक सुशासन केन्द्रको प्राविधिक तथा आर्थिक सहयोग र सामाजिक बिकास कार्यालयको समन्वयमा छविसपाथिभेरा गाँउपालिकाले यो लैससास नीति २०७९ निर्माण गर्न लागेको हो।

## ६.दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिका दीर्घकालिन सोंच, लक्ष्य र उद्देश्यहरु निम्नानुसार रहने छन्।

### ६.१ दीर्घकालिन सोंच

समानता, सुशासन का माध्येमबाट वर्गीय, जातीय एवं लैङ्गिक छुवाछुत छाउपडी प्रथा भेदभावको उन्मूलन गरि पहुँचयुक्त,सामाजिक न्यायमा आधारित समृद्ध छविसपाथिभेरा गाउँपालिका बनाउने।

### ६.२ दीर्घकालिन लक्ष्य

सामाजिक, आर्थिक, राजनैतिक अवसरहरुमा सकारात्मक विभेद मार्फत सहभागीता सुनिश्चित गरी समतामूलक समाजको निर्माण गर्ने।

### ६.३ उद्देश्य

- विभेदकारी प्रचलनहरुको अन्त्यका लागि कानुन निर्माण गर्ने र समय परिस्थिति अनुसार बुद्धी जिवी भद्र भलाद्मी हरुको सहभागितामा कानुनहरु परिमार्जन गर्ने।
- आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय र व्यक्तिहरुको लैङ्गिक समानता, सशक्तीकरण र समतामूलक विकासको माध्यमबाट छविसपाथिभेरा गाउँपालिकाको सबै विषयक्षेत्र तथा सरचनामा पहुँच सुनिश्चित गर्ने।
- लैङ्गिक तथा सामाजिक विभेद अन्त्यका लागि आवधिक योजना तथा कार्यक्रममा सचेतनामूलक कार्यक्रम समावेश गरि कार्यान्वयन गर्ने।
- नेपाल सरकारले दिगो विकास लक्ष्य प्राप्तिका लागि गरेको प्रतिवद्धता पुरा गर्ने।
- विभिन्न सरकारी तथा गैर सरकारी विकास साझेदार संघ संस्था संगको समन्वय तथा सहकार्यमा लैङ्गिक समानत तथा सामाजिक समावेशीकरणका क्षेत्रमा कार्य गर्ने।
- लैङ्गिकतामा आधारित हिंशा छुवा छुद धामी झाँग्री छाउपडी सम्वन्धी भेदभावको पूर्ण रुपमा अन्त्य गर्ने

## ७। रणनीति

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई छविसपाथिभेरा गाउँपालिकाको सबै विषय क्षेत्रमा संस्थागत गर्ने।

२. नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता गराई उनिहरुलाई सचेतना तथा अभिवृद्धि गर्ने।

३. पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने।

४. छविसपाथिभेरा गाउँपालिकाबाट उपलब्ध हुने स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि को लागी आवान तथा सो सम्वन्धमा जानकार गर्ने।

६. गाउँपालिका क्षेत्र भित्र विद्यमान लैङ्गिक हिंशा तथा समाजिक विभेद विरुद्ध सन्देश वनाई विभिन्न स्थानमा होडिङ बोर्ड सचेतीकरणका लागि सामाजिक संचालको प्रयोग गर्ने

७.संघ संथामा आवद बिद्यालय स्तरका सबै सरोकार वाला हरुकालागी लैंसास सम्वन्धी सचेतना तथा जानकार गराउने ।

८ अपागता सम्वन्धी सरोकार वालाहरुको ध्यान गराई सिविर सन्चालन सम्वन्धी सबै सयन्त्र अप्नाउने ।

९.भौतिक संरचनाहरु अपागता मैत्रि वनाउन सबै गैर सर सरकारी संथाहरुलाई सरोकार वालाहरुलाई ध्यन कार्कसण गराउने ।

## ८। नीति तथा कार्यनीतिहरु

**नीति १ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई छविसपाथिभेरा गाउँपालिकाको सबै विषय क्षेत्रमा संस्थागत गर्ने।**

१ .स्थानीय आवश्यकता अनुकूल हुने गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन अघाढी वढाईने छ ।

२. कानुन तथा कार्यविधिलाई समावेशीमैत्री बनाउन आवश्यक कानुनहरूको तर्जुमा गरी सहजीकरण गर्ने निती लिईने।

३. लैङ्गिक समानता तथा समावेशी सम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्बद्ध सरोकारबालाहरू सँग परामर्श तथा समन्वय गरिने।

४. नेपाल पक्ष भएका यस सम्बन्धी अभिसन्धिहरू अनुरूपका दायित्वहरूलाई कार्यान्वयन गर्न भइरहेका कानुन तथा कार्यविधिमा परिमार्जन तथा आवश्यक नयाँ कानुन तथा कार्यविधि निर्माण गरिने निति लिईने।

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सबै निकास साझेदार र सरोकारवालाहरूको नीति तथा रणनीतिमा आत्मसात् गर्न पहल गरिने ।

५. लैङ्गिक समानता तथा समावेशीकरणका लागि सरकारी, सहकारी, सामुदायिक विद्यालय, गैहसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरिने ।

६. गाउँ तथा बस्ती स्तरदेखि नै स्थानीय समस्याहरू पहिचान गरी लक्षित समूहमार्फत सहभागितामूलक लैङ्गिक समानता तथा समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई स्थानीयकरण गरिने ।

७. सबै विकास साझेदार र गैहसरकारी संस्था तथा निजी क्षेत्रलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न परिचालन गरिने ।

८. सरकारी, सहकारी, गैहसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित समावेशीकरण सम्बन्धी अवधारणालाई गाउँपालिकाको सबै विषय क्षेत्रको योजना प्रक्रियामा आबद्ध गरिने ।

९. लैङ्गिक समानता तथा समावेशीकरणका लागि विभिन्न निकाय वा सङ्घ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन आवश्यक समन्वय तथा सहकार्य गरिने छ। साथै यी कार्यक्रमहरूको प्रभावकारी अनुगमन गरी पृठपोषण गर्ने कार्यलाई सुनिश्चत गरिने ।

१०. गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिने निति लिईने ।

११. लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिका सब संयन्त्रलाई परिचालन गरिने निति लिईने ।

१२. गाउँपालिकाका विद्यमान संरचनाहरूमा लैङ्गिक समानता तथा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरूलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

१३. गाउँपालिकामा सामाजिक समावेशीकरण सम्पर्क विन्दु र पदाधिकारी तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरिनेछ। साथै सम्पर्क विन्दु मार्फत यस सम्बन्धी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिने ।

१४. जोखिम र पारिवारिक, लैङ्गिक ह्सिामा परेका व्यक्तिको संरक्षणका संरक्षण गृहहरूको स्थापना र उपयोग गर्दै हिंशा र जोखिमका परेका हरुलाई समाजमा पुनर्स्थापना गरिने निति लिईने ।

१५. पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरूको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिने।

१६. जोखिम तथा पारिवारिक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावक विहीन नागरिकको संरक्षण,पुनःस्थापन तथा क्षमता विकास गर्न विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्र समेतलाई परिचालन गरिने ।

१७. प्रत्येक वडा भित्रका पछाडि परेका एकल अपागताभयका दलित बालबालीका लगायत अन्य, नागरिकहरूको पहिचान गरी सामाजिक समावेशीकरण को मान्यता बमोजिम सशक्तीकरण गर्न विकास साझेदार, सहकारी तथा गैहसरकारी संस्थाहरूसँग समन्वय गरिने ।

१८. विकास साझेदार, सहकारी तथा गैहसरकारी संस्थाहरू र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको वहुपक्षीय हितका लागि कार्य गर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिने।

१९. लैङ्गिक समानता तथा समावेशीकरणको अवधारणालाई कार्यान्वयन गर्न सबै विषय क्षेत्रका लागि आवश्यकता अनुसार विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरु र निजी क्षेत्रको भूमिका निर्दिष्ट गरिने ।

२०. उत्पीडित तथा पिछडिएको क्षेत्र तथा टोलका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सहकारी तथा गैहसरकारी संस्थाहरूलाई समेत लक्षित गरिने ।

२१. आवश्यकतामा आधारित भई समावेशी विकास प्रकृयामा योगदान पुर्याउन विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरिने ।

२२. पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको महत्व आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने ।

२३. प्रत्येक वडामा रहने टोल विकास संस्थाहरूको गठन प्रक्रियामा पछाडि परेका एकल महिला ,दलित,अपागता भयका व्यक्ति हिंसामा परेका महिला लगायत अन्य व्यक्तीलाई क्रमोदय गरी उनीहरुलाई कम्तीमा एकवडामा १० प्रतिसत जनी समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

२४. उपभोक्ता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरू लगायत क्षेत्रगत कार्यक्रमहरूमा पछाडि परेका एकल महिला ,दलित,अपागता भयका व्यक्ति दन्द पिडीत आर्थिक अवस्था कम्जोर भयका समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मक रूपमा पहल गरिने ।

२५. हाम्रौ समाजमा पछाडि परेका व्यक्तिहरू तथा समुदायलाई लक्षित गरी उनीहरूकै पहलमा समयबद्ध रूपमा आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । साथै लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइने ।

२६. छबिसपाथिभेरा गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीतिहरूको प्रभाव र परिणामका लागी संघ सस्थामा आवद्य लगायत अन्य हिंसापिडीत महिला दलित अपागता भएकाहरु दन्द पिडीत तथा अन्य छनोट गरी कम्तिमा पनि ४५ प्रतिशत समेटेर उनिहरुका सम्बन्धमा आवधिक रूपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ।

२७.अपागता मैत्री संरचनाको निती लिईनेछ ।

२८.अपागता परिचयपत्र काड वितण सम्वन्धी निम्मेवारी निकाय हरुमा शिविर सन्चालनको निति लिईनेछ ।

**कार्यनीति २: निति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सीमान्तीकृत तथा अन्य नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने ।**

१. प्रत्येक वडामा मानव विकास सूचकाङ्क, वहुआयामिक गरीवी मापन टुहुरा बालबालिका ,हिंसामा परेका बालबालिका हिंसात्मक महिला लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत तथ्याङ्क राखिने छ।

२. पछाडि परेका व्यक्ति तथा समुदायको आधारभूत खण्डिकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि वास्तविक समयमा आधारित जीवन्त सूचना प्रणाली को डिजाइन तथा विकास गरी कार्यान्वयन गरिनेछ।

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था तथा पछाडि परेकाहरूको तथ्याङ्क र सूचना प्राप्त हुने गरी विद्यमान प्रतिवेदन प्रणालीहरूमा समावेशी सूचकहरूको विकास गरी एकीकृत गरिने छ।

४. नवीनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थफरक तथ्याङ्कका आधारमा दोहोरोपना न आउने गरी गाउँपालिकाका सबै वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

५. सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न गाउँपालिका सबै वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिने छ ।

६. गाउँपालिकामा नविनतम सूचना प्रणालिको स्थापना तथा सञ्चालन गर्न विकास साझेदार तथा गैहसरकारी संस्थाहरूको सहयोग परिचालन गरिनेछ।

७. गाउँपालिका भित्रका आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू महिला, दलित, समुदाय, पिछडीयका वर्ग, सीमान्तीकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लाइ कम्तिमा पनि ३ प्रतिसतले उनिहरुलाई स्थानीय तहका विभिन्न योजना,कार्यक्रममा निर्माण तथा कार्यान्वयनमा प्रतिनिधित्व गराइने छ।

८. गाउँपालिकाको क्षेत्राधिकार भित्रका वडा स्तर समेतका विभिन्न कार्यक्रम तथा संस्चनाहरुमा मनोनयन, निर्वाचन तथा नियुक्त हुने पदहरूमा लक्षित वर्गको २ प्रतिसतले प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइनेछ।

५७

९. गाउँपालिकाको विकास निर्माण लगायतका कार्यमा गठन गरिने समिति,उप समिति, समूह वा कार्यदलमा नियुक्त वा मनोनयन गर्दा एकल महिला ,दलित,अपागता दन्घ पिडित हिंसामा परेका महिला हरुलाई समेत छनोट गरी उनिहरुलाई समानुपातिक समावेशीता कायम गरिनेछ।

१०. लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरूको पुनरावलोकन गरी परिमार्जन गरिनेछ। साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरिनेछ।

११. गाउँपालिकाको सामाजिक स्वरूपलाई पूँजीको रूपमा स्थापित गरी राष्ट्रिय विकासमा परिचालन गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमका रूपमा अङ्गीकार गरिनेछ।

१२. विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१३. पछाडि परेका वर्गहरूको आधारभूत तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ।

१४. गाउँपालिकाको आवश्यकताका आधारमा लक्षित वर्गलाई आफ्ना समस्या आफैँ पहिचान गरी समाधान गर्न योजना प्रक्रियाका हरेक चरणमा सहभागी गराइने छ।

१५. लक्षित वर्ग,क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरूपले सशक्तीकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ।

१६. आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ।

१७. लैसासको निति तथा कार्यक्रमलाई समावेस गरी प्रतेक वडा कार्यलय अन्तर्रगत महिला हित सम्वन्धी महिला समिति गठन गरीनेछ।

१८.छविसपाथिभेरा गाउँपालिका भित्र २०७९ पछि बन्ने सबै भौतिक संरचनाहरु पुर्णरुपमा अपागता मैत्रि बनाईने छ।

१९.छविस पाथिभेरा गाउँपालिका भित्र रहेको महिला बालबालीका तथा जेष्ठ नागरिक शाखाद्वारा अपागता परिचय पत्र कार्ड वितण सम्वन्धी सबै वडा कार्यालयमा शिबिर सन्चालन गरिनेछ।

२०.जेष्ठ नागरिक हरुकालागी छ.पा.गा.को कार्यालयले आवश्यक सहयोग गरिनेछ।

२१.बाल कलब बाल सन्जाल हरुलाई उनिहरुको हक अधिकार र कलवहरु व्यवस्थीत गरी उनीहरुलाई सचेतना मुलक तथा आर्थिक अवस्था र हिंसा पिडित हरुलाई आवस्यक सामाग्रि तथा आर्थिक सहयोग गरीनेछ।

**रणनीतिः३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग अपागता र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने।**

१. गाउँपालिकामा उपलब्ध स्रोत साधनमा महिला, दलित, अल्पसङ्ख्यक, जातिगछुवा छुत ,छाउपढी प्रथा लगायत पिछडिएका वर्गका नागरिकहरूको पहुँच बढाइने ।

२. आर्थिक सामाजिक तथा राजनैतिक अवसरबाट पछाडि परेका लक्षित वर्गको उपलब्ध साधन सुविधामा समानुपातिक समावेशी पहुँच सुनिश्चत गरिने ।

३. लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरु सञ्चालन गरी जीवनस्तरमा सुधार गरिने।

४. पिछडिएका क्षेत्र तथा समुदायका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिने ।

५. समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता,कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने ।

६. सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुन हरूको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरी कानुनी व्यवस्थाको परिपालनामा जोड दिइने ।

७. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, छाउपडी,बालश्रम, मानव बेचविखन दन्द पिडितलाई अपहेलित,दलितलाई अपहेलीत गर्ने गराउने जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालय सम्वन्धी जनचेतना को लागी सक्रियता ।

**नीति ४ छविसपाथिभेरा गाउँपालिकाबाट उपलब्ध हुने स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तीकरण गर्ने।**

१. गाउँपालिका भित्रका एकल महिला, दलित, पिछडीयका वर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जाति, गरिब बासिन्दा, विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता लगायतका कार्यक्रम सञ्चालन गरिनेनिति लिईने।

२. छबिसपाथिभेरा गाउँपालिकाको कार्यक्षेत्र भित्र उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन आर्थिक तथा सामाजिक रूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी उनिहरुलाई क्षमता अभिवृद्धि गरिने ।

३. असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविको पार्जन गर्न सघाउ पुर्याउने कार्यक्रम सञ्चालन गरिने।

४. जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसात्मक दन्दपीडित महिलालाई पुनस्थापना, संरक्षण र सशक्तीकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिने ।

५. आर्थिक,सामाजिकरूपले पछाडि परेका एकल महिला,लक्षित वर्गको हिंसामा परेकाहरुको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा उनिहरुको र उनिहरुलाई मेक्सिमम सहज हुनेगरी सहयोग गर्दै निज व्यक्तिहरुलाई पहुँच स्थापित गरिने ।

६. लक्षित वर्गमा रोजगारीका अवसर,लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिने ।

७.छ.पा.गा.पा.को गाउँपालिकाको आवश्यकता अनुसार आधारभूत तहको विद्यालय शिक्षामा लक्षित वर्गको मातृभाषामा पाठ्यक्रम निर्माण गरी पठनपाठनको व्यवस्था मिलाइनेछ। साथै विद्यालय स्तरको शिक्षामा सामाजिक समावेशीकरणका विषयवस्तुलाई समेत आवश्यकता नुसार समावेश गर्न पहल गरिने ।

८. स्थानीय लोपोन्मुख कला, ज्ञान सीप, भाषा तथा लिपिहरूको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिने।

९. सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने ।

१०. वडा कार्यालयहरू मार्फत् जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिने ।

११. अपाङ्गता, बालवालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइने ।

१२. छविसपाथिभेरा गाउँपालिका क्षेत्रका अति दुर्गम तथा भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने ।

१३. अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरूको क्षमता विकास गरिने ।

१४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरिने ।

१५. लैङ्गिक समानता तथा सामाजिक समावेशी करणका हिंसात्मक महिलाहरूलाई सम्बोधन गर्न सबै वडा कार्यालयहरुको संस्थागत सुदृढीकरण र क्षमता विकास गरिने ।

१६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न वडा कार्यालयहरुको समन्वयमा गैहसरकारी संस्थाहरूलाई समेत परिचालन गरिने ।

**नीति ५: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।**

१. लक्षित कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाका सम्बद्ध निकाय तथा वडा कार्यालयहरुको संस्थागत सुदृढीकरण गरिने ।

२. लक्षित कार्यक्रमहरूको सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरूको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरिनेछ।

३. लक्षित कार्यक्रम सञ्चालन गर्ने निकायहरूको संस्थागत सुदृढीकरणका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था गरिनेछ।

४. लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यकता नुसारका क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

५. सबै वडाहरुमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिनेछ ।

६. सामाजिक समावेशीकरण सम्बद्ध मन्त्रालय, आयोग तथा निकायहरूसँग समन्वय गरी यस सम्बन्धी नीति निर्माण तथा कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्दै समाधानका लागि अग्र तथा पृष्ठपोषण गर्ने कार्य गरिनेछ।

७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरूबाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ।

८. लैङ्गिक समानता तथा समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरूको आदान प्रदान गरी स्थानीय कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ।

**६ कार्यनिति गाउँपालिका क्षेत्र भित्र विद्यमान लैङ्गिक हिंशा तथा समाजिक विभेद विरुद्ध सन्देश वनाई विभिन्न स्थानमा होडिङ बोर्ड राख्ने, सचेतीकरणका लागि सामाजिक संचालको प्रयोग गर्ने ।**

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरू निर्माण गरी उपयोग गरिनेछ।

२. जनचेतनामूलक कार्यक्रम हरू सञ्चालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी संघ संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

३. पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४ लैङ्गिक संवेदनशील विषयहरूको पहिचान गरी सो अनुरुप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ।

५.किसोर किसोरी हरुकालागी आत्म रक्षेक तालिमको व्यवस्था गरी उनीहरुका कानुनी हक अधिकार सम्वन्धी सचेतनामुलक कार्यक्रम गरीनेछ।

५.किसोर किसोरी बालविवाहा छाउपढी प्रथा सम्वन्धी हिसा लगायतका कानुनीकुरा हरु समेटी सार्वजनिक स्थलमा होडिङ बोड समेत राखिनेछ ।

६.प्रतेक वडा कार्यालयहरुमा एकल महिलाहरुको हकहितको लागी एकल महिला समिति गठन प्रकृया गरीनेछ ।

७.प्रतेक वडा कार्यालयहरुमा दलित महिला अपागता हकहित सम्वन्धी दलित तथा अपागता समिति गठन गरीनेछ ।

## ९. सम्भाव्य जोखिम र जोखिम न्यूनीकरणका उपाय :

उल्लिखित रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिम र सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछ :

| क्रा सं | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय, वडा कार्यालयहरु र सम्बद्ध सरोकारवालाहरु प्राथमिकतामा नपर्नु। | कानुन र मार्गदर्शनबाट लैसासमा समेटेर प्राथमिकतामा राख्ने प्रयास अघाढी वढाईनेछ । | छविसपाथिभेरा गाउँपालिकाको कार्यालय , वडा कार्यालयहरु |
| २. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच स्थापित नहुनु। | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित बर्गका हिंसामा परेका हरुलाई समेट्ने र उनिहरुका लागी कार्यक्रम सञ्चालन गर्ने। | छविसपाथिभेरा गाउँपालिका |
| ३. | नीति कार्यान्वयनमा संलग्न वडा कार्यालय तथा सरोकारवालाहरू बीच प्रभावकारी समन्वय नहुनु। | नीति कार्यान्वयन तथा अनुगमन समितिको नियमित वैठककोव्य वस्था गर्ने र वडा सरोकार वाला संग निरन्तर समन्वय गर्ने। | सम्बन्धित वडा कार्यालयहरु<br>सरोकारवाला निकायहरु<br>गैरसरकारी तथा सामुदायिक संघ संस्था<br>निजी क्षेत्र |
| ४. | तथ्यमा आधारित योजना तर्जुमा नहुनु बजेटको कमी । | योजना तर्जुमा पद्धतिलाई तथ्यमा आधारित बनाउने र महिला बालबालिका शाखा र महिला हरुकालागी आवश्यक बजेट विनियोजन गर्ने । | छविसपाथिभेरा गाउँपालिका<br>सम्बन्धित वडाकार्यालयहरु। |
| ५. | समावेशीकरण प्रबर्द्धन लक्षित कार्यक्रमहरु लाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण नगर्नु। | आवश्यक स्रोत आंकलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशनद्वारा निर्देशित गर्ने। | छविसपाथिभेरा गाउँपालिका<br>सम्बन्धित वडाकार्यालयहरु ।सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सङ्घीय तथा प्रादेशिक निकायहरु। |

## १०। नीति कार्यान्वयनका लागि मुख्य क्रियाकलापहरू र जिम्मेवार निकायहरू कार्ययोजना :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनका लागि छविसपाथिभेरा गाउँपालिका,सबै वडा कार्यालयहरु, सहकारी संस्था,गैहसरकारी संस्था, सामुदायिक संस्था एवम् नागरिक समाज बीच सहकार्य, साझेदारी र समन्वय गरी

सम्बन्धित सरोकारवालाहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति उत्तरदायी बनाउन देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

| क्र.सं | क्रियाकलापहरू | जिम्मेवारनिकाय | सहयोगीनिकाय | प्रगति सूचक |
|---|---|---|---|---|
| १. | सरोकारवालाहरू लाई नीतिको अभिमूखीकरण गर्ने | शिक्षा शाखा,प्रशासन शाखा, महिला तथा बालबालिका शाखा र सबै वडा कार्यालयहरु। | संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बध्द संघीय तथा प्रादेशिक निकायहरु ,जिल्ला समन्वय समिति एवम् छविसपाथिभेरा गाउँपालिका तथा सम्बद्ध महासंघहरू। | • वार्षिक प्रगति प्रतिवेदन। • कार्यक्रम सम्पन्न प्रतिवेदन । |
| २. | नीति तथा कार्यक्रममा आन्तरिकीकरण गर्न संस्थागत क्षमता विकास गर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बन्धी शाखाहरु तथा वडा कार्यालयहरु । | संङ्घीय मामिलातथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बध्द संघीय तथा प्रादेशिक निकायहरु, सम्बध्द वडा कार्यालयहरु। जिल्ला समन्वय समिति, जिल्ला समन्वय समिति एवम गैरसरकारी संघ संस्थाहरु। | • तालिम प्रतिवेदन तथा वार्षिक प्रगतिप्रतिवेदन। |
| ३. | लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने। | छविसपाथिभेरा गाउँपालिका तथा सम्बध्द शाखाहरु तथा वडा कार्यालयहरु। | राष्ट्रिययोजनाआयोग, प्रादेशिक नीति तथा योजनाआयोग,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।गैरसरकारी संघ संस्थाहरु। सम्बध्द शाखा तथा वडा कार्यालय। | • वार्षिक योजना र प्रगति प्रतिवेदन। |
| ४. | मौजुदा नीतिहरू लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मान्यता अनुरुप भए नभएको पुनरावलोक नगर्ने। | छविसपाथिभेरा गाउँपालिका तथा सम्बध्द शाखाहरु तथा वडा कार्यालयहरु जिम्मेवारी रहने। | शिक्षा शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा। | • अध्ययन प्रतिवेदन। |
| ५. | नीतिको प्रत्येक पाँच वर्षको अन्तरालमा प्रभाव मूल्यांकन गर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बध्द शाखा तथा वडा कार्यालयहरु। | प्रशासन शाखा, शिक्षा शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा। सम्बध्द वडा कार्यालयहरु। | • अध्ययनप्रतिवेदन। |
| ६. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचकहरु तयार गरी सूचकहरु हासिल गर्ने मध्ये उत्कृष्ट परिणाम प्राप्त गर्ने वडा कार्यालयलाई पुरस्कृत गर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बन्धी शाखा तथा वडा कार्यालयहरु। | प्रशासन शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बध्द शाखा । | • प्रगतिप्रतिवेदन। |
| ७ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विशेषकार्यक्रम | छविसपाथिभेरा गाउँपालिका सम्बन्धि शाखा तथा वडा | सङ्घीय विषयगत मन्त्रालय, प्रदेशविषयगत मन्त्रालय । वडा कार्यालयहरु, गैह सरकारी | • विशेषकार्यक्रमसञ्चालनसम्बन्धी कार्यविधि, |

| क्र.सं | क्रियाकलापहरू | जिम्मेवारनिकाय | सहयोगीनिकाय | प्रगति सूचक |
|---|---|---|---|---|
| | सञ्चालन गर्ने। | कार्यालयहरु। | सङ्घसंस्थाहरु। | • वार्षिकयोजना, प्रतिवेदन। |
| ८ | स्थानीय राजनीतिक दलकाप्रतिनिधि, शिक्षक, कर्मचारी, सामाजिक अभियन्ता लगायत लाई लैङ्गिक समानता तथा सामाजिकसमावेशीकरण सम्बन्धीअभिमुखीकरणगर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बध्द शाखा तथा वडा कार्यालयहरु। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धी सङ्घीय तथा प्रादेशिक निकायहरु, सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा र नीति सम्बन्धी शाखा। | • अभिमुखीकरण / तालिमप्रतिवेदन। |
| ९ | सबैप्रकारका क्षमता विकास सम्वन्धी कार्यक्रमलाई लैङ्गिक समानता तथा समावेशीकरणका मुलप्रवाहीकरण मान्यता अनुरुप बनाउन तालिम प्याकेज तयारगर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बन्धी शाखा तथा वडा कार्यालयहरु। | सङ्घीय मामिला तथा सामान्यप्रशासन मन्त्रालय लगायत सम्बन्धी सङ्घीय तथा प्रादेशिक निकायहररसम्बन्धी तालिम केन्द्रहरू। सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा। | • क्षमताविकास कार्यक्रमका मो ड्युल। |
| १० | छविसपाथिभेरा गाउँपालिका योजनातर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा जवाफदेहिता सम्बन्धी संयन्त्रलाई समावेशी बनाउने । | छविसपाथिभेरा गाउँपालिका सम्बध्द शाखा तथा वडा कार्यालयहरु । | सङ्घीय मामिला तथा सामान्यप्रशासन मन्त्रालय लगायत सम्बन्धीत सङ्घीय तथा प्रादेशिक निकायहरु र सम्बन्धी तालिम केन्द्रहरू। सामाजिक विकास शाखा, महिला तथा बालबालिका शाखा लगायत सम्बन्धीत शाखाहरु। | दिग्दर्शन निर्णय पुस्तिका। |
| ११ | गैहसरकारी संघसंस्था, सामुदायिक संस्था, सहकारी तथा निजीक्षेत्रलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी योजना तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्न निर्देशनर सहजीकरण गर्ने । | छविसपाथिभेरा गाउँपालिका सम्बन्धी शाखा तथा वडा कार्यालयहरु। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धी सङ्घीय तथा प्रादेशिक निकायहरु। महिला तथा बालबालिका शाखा। | • सम्बन्धित क्षेत्रपरिचालनसम्बन्धीकार्यविधिरदिग्दर्शन। |
| १२ | सबैप्रकारका हिंसा, विभेद,कुरीति,कुप्रथाविरुद्धकार्यक्रम सञ्चालन गर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बन्धित शाखा तथा वडा कार्यालयहरु। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धी सङ्घीय तथा प्रादेशिक निकायहरु। | • वार्षिककार्यक्रमरप्रगतिप्रतिवेदन। |
| १३ | छविसपाथिभेरा गाउँपालिकाले आवश्यकता अनुसार | छविसपाथिभेरा गाउँपालिका सम्बध्द शाखा तथा वडा | राष्ट्रिययोजना आयोग, सङ्घीय मामिला तथा सामान्यप्रशासन मन्त्रालय,प्रदेशनीति तथा योजना | • क्षेत्रगतसामाजिकसमावेशीकरणरणनीति, वार्षिककार्यक्रम तथा |

| क्र.सं | क्रियाकलापहरू | जिम्मेवारनिकाय | सहयोगीनिकाय | प्रगति सूचक |
|---|---|---|---|---|
| | विषयक्षेत्रगत लैङ्गिक समानता तथा समावेशीकरण नीतिहरू परिमार्जन तथा तर्जुमागर्ने। | कार्यालयहरु। | आयोग,प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालय । | प्रगति प्रतिवेदन। |
| १४ | विस्तृत कार्यान्वयन कार्ययोजना ९उपलब्धिमापन सूचकसमेतको०तर्जुमाग रीनीतिका मुख्यक्रियाकलाप कार्यान्वयन गर्ने। | छविसपाथिभेरा गाउँपालिका सम्बध्द शाखा तथा वडा कार्यालयहरु । | राष्ट्रिययोजना आयोग, अर्थमन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश आर्थिक मामिला तथा योजनामन्त्रालय । | • विस्तृतकार्यान्वयन कार्ययोजना। |

## ११. संस्थागत व्यवस्था

यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारी रूपमा कार्यान्वयन गर्नदेहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १। | गाउँपालिकाअध्यक्ष | संयोजक |
| २। | उपाध्यक्ष | सदस्य |
| ३। | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४। | शिक्षा शाखा प्रमुख | सदस्य |
| ५। | सामुदायिक संघ संस्थाहरूमध्येबाट संयोजकले तोकेका कम्तिमा एक जना महिला सहित दुई जना | सदस्य |
| ६। | महिला तथा वालवालिका शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार नीति कार्यान्वयन तथा अनुगमन उपसमिति र अन्य उपसमितिहरू गठन गरी जिम्मेवारी दिन सक्नेछ ।

## १२. नीतिको मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ। सामान्यतया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ।

छविसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्यांसी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

## अनुसुची १

छविसपाथिभेरा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यदलको नामावली

| | | | | | |
|---|---|---|---|---|---|
| १। | हरिचन्द कठायत | शिक्षा अधिकृत | संयोजक | छ.पा.गा.पा.०२ | ९८५११८४१७० |
| २। | अरुण बि क | कार्यपालिका सदस्य | सदस्य | छ.पा.गा.पा.०१ | |
| ३। | गोबिन्द सार्की | सँस्थागत कर्मचारी | सदस्य | छ.पा.गा.पा.०१ | |
| ४। | सरस्वती देबि जोसी | कार्यपालिका सदस्य | सदस्य | छ.पा.गा.पा.०४ | |
| ५। | सिदराज थापा | शाखा कर्मचारी | सदस्य सचिव | छ.पा.गा.पा.०४ | ९८६०००५२५[illegible] |

# धन्यवाद